पुथा उत्तरगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकूम पूर्व

**लुम्बिनी प्रदेश, नेपाल**

प.सं.: २०७७।७८ (शिक्षा, यूवा तथा खेलकुद शाखा)

च.नं.: ९७८

मिति: २०७८।०२।२६

श्री सामुदायिक विद्यालयहरु सबै,

पुथा उत्तरगंगा गाउँपालिका, रुकुम पूर्व ।

विषय : निर्णयको जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस पुथा उत्तरगंगा गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७८।०२।२२ गतेको निर्णयको प्रतिलिपि थान-१ यसै पत्र साथ संलग्न गरि पठाईएको छ । सोही बमोजिम गर्न गराउनुहुन अनुरोध छ ।

वशिष्ट नारायण यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

सञ्चालन गर्न सकिने अवस्था नदेखिएको हुनाले मिति २०७८।०२।३० गते सम्म यस पुथा उत्तरगंगा गाउँपालिका भित्रका सबै विद्यालयहरुले विद्यार्थी मूल्याङ्कन र नतिजा प्रकाशन देहायका आधारमा गर्ने निर्णय गरियो ।

१.१ मूल्याङ्कन तथा नतिजा प्रकाशनको आधार :

क) कक्षा १-३ सम्मको शत प्रतिशत निरन्तर मूल्याङ्कन गर्ने ।

ख) कक्षा ४-७ को मूल्याङ्कन ५० पूर्णाङ्क निरन्तर, ४० पूर्णाङ्क आन्तरिक परीक्षाबाट र १० पूर्णाङ्क विद्यार्थी उपस्थितिको आधारमा मूल्याङ्कन गर्ने ।

- विद्यालय खुलेको ७५ प्रतिशत भन्दा बढी दिन उपस्थिति भएमा १० अंक दिने ।
- विद्यालय खुलेको ५० प्रतिशत भन्दा बढी दिन उपस्थिति भएमा ७ अंक दिने ।
- विद्यालय खुलेको ५० प्रतिशत भन्दा कम दिन उपस्थिति भएमा ५ अंक दिने ।

ग) गाउँपालिका स्तरीय कक्षा-८ को नतिजा प्रकाशनको आधार :

- पहिलो र दोस्रो परीक्षालाई आधार मानी ६० प्रतिशत अंक दिने ।
- प्रयोगात्मक विषयहरुका हकमा २५ प्रतिशत अंक दिने ।
- विद्यालयमा विद्यार्थी हाजिरीको आधारमा १५ प्रतिशत अंक दिने ।

नोट : ७५ प्रतिशत भन्दा माथिको उपस्थितिको लागि शत प्रतिशत अंक दिने ।
६० प्रतिशत भन्दा माथिको उपस्थितिको लागि ७० प्रतिशत अंक दिने ।
४० प्रतिशत भन्दा माथिको उपस्थितिको लागि ४० प्रतिशत अंक दिने ।
४० प्रतिशत भन्दा कम उपस्थितिको लागि ४० प्रतिशत भन्दा कम अंक दिने ।

कक्षा ८ का विद्यार्थीको मूल्याङ्कन तयार गरि प्राप्त गरेको अंक यस पुथा उत्तरगंगा गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखामा जेष्ठ ३० गतेभित्रमा पठाई सक्नुपर्नेछ ।

-कक्षा-९ को सन्दर्भमा

आवधिक परीक्षालाई ८० प्रतिशत र विद्यालयमा विद्यार्थीको हाजिरीलाई २० प्रतिशत मानि मूल्याङ्कन गर्ने ।

-कक्षा १० र १२ को हकमा राष्ट्रिय परीक्षा बोर्डले तोके बमोजिम गर्ने गराउने ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपालको निर्देशन अनुसार शिक्षा नियमावली संशोधन सहित, २०५९ बमोजिम आगामी शैक्षिक सत्र २०७८।०३।०१ गतेबाट सुरु हुने शैक्षिक सत्र एवम् सिकाइ निरन्तरता गर्न गराउनुहुन भनि आदेशानुसार जिल्ला समन्वय इकाई , गाउँ शिक्षा समिति र शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिको समन्वयबाट कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि व्यवस्थापन गर्न गराउनुहुन अनुरोध छ ।